वर्ष ८, अंक २, जेठ

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. राजन अधिकारी

**सल्लाहकार**
प्र.व.उ. सानुराम भट्टराई
प्र.व.उ. मुकुन्द मरासिनी
प्र.उ. बासुदेव पाठक

**सम्पादक मण्डल**
प्र.ना.उ.रबिन्द्र राज पाण्डे
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.ह. कल्पना राई

| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ९ |
| प्रहरी सेवा प्रवाह | १०- १३ |
| खोजतलास तथा समन्वय | १४ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १५ - १६ |
| अपराध समाचार | १७ -२१ |
| उत्कृष्ट अनुसन्धान | २२ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षकज्यूद्वारा निरीक्षण सम्पन्न





***काठमाडौं, २७ जेठ***

मिति २०८२।०२।२७ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग अन्तर्गत Data Center, Polygraph लगायत अन्य विभिन्न महाशाखा तथा शाखाहरुको श्रीमान् प्रहरी महानिरीक्षक दिपक थापाज्यूबाट अवलोकन तथा निरीक्षण सम्पन्न भयो। त्यसै क्रममा श्रीमान् प्रहरी महानिरीक्षकज्यू समक्ष Library Hall मा अपराध अनुसन्धान विभागको प्रस्तुतीकरण समेत रहेको थियो।

## प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्वारा विभागको निरीक्षण सम्पन्न





***काठमाडौं, १४ जेठ***

मिति २०८२।०२।१४ गते अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्वारा अपराध अनुसन्धान विभाग अन्तर्गत रहेका निर्देशनालय, महाशाखा, तथा शाखाहरुको निरीक्षण कार्यक्रम सम्पन्न भयो । निरीक्षणको क्रममा निर्देशनालय, महाशाखा, तथा शाखाहरुमा के कस्ता कार्यहरु हुने गर्दछ भन्ने बारे विस्तृत रुपमा निरीक्षण गर्नु भएको थियो।

## अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरुको तेस्रो राष्ट्रिय सम्मेलन शुभारम्भ



***काठमाडौं, ३० जेठ***

प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित विशेष समारोहबीच अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिलहरुको तेस्रो राष्ट्रिय सम्मेलन २०८२ को शुभारम्भ भएको छ। सो अवसरमा प्रमुख अतिथि ज्यूले सम्मेलन विशेषाङ्कको विमोचन समेत गर्नुभयो । समारोहलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री केपी शर्मा ओली ज्यूले अनुसन्धानको क्षेत्रलाई प्रविधिको प्रयोग सहित प्रभावकारी बनाई अभियोजनलाई प्रमाणका आधारमा अकाट्य ढंगले प्रस्तुत गरी अपराधीलाई कानुन बमोजिम कारवाही र पीडितलाई न्याय दिलाउन तथा सुशासन र सुव्यवस्था प्रभावकारी बनाउन यो सम्मेलन महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो। उक्त समारोहमा प्रहरी महानिरीक्षक दिपक थापाज्यूले फौजदारी न्यायप्रणालीको सान्दर्भिकता र प्रभावकारीताका सन्दर्भमा नेपाल प्रहरी र महान्यायाधिवक्ता कार्यालयबीचको गहन तथा रचनात्मक सहकार्यले मात्र न्यायको प्रत्याभूति र कानुनी शासनको प्रत्याभूति हुने उल्लेख गर्नुभयो साथै अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। उक्त सम्मेलनमा उक्त सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरू, अभियोजनकर्ता सरकारी वकिलहरू, विधिविज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरू तथा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएका प्रतिनिधिहरूको सहभागिता रहनुका साथै सातवटै प्रदेश प्रहरी

कार्यालयका प्रमुखहरू, मुद्दा चल्ने इकाईका प्रमुखहरू तथा सरकारी वकिलहरूको भर्चुअल सहभागिता रहेको थियो ।

## ११ बुँदे घोषणापत्र जारी गर्दै प्रहरी र सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन २०८२ सम्पन्न



***काठमाडौं, ३१ जेठ***

अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको मिति २०८२।०२।३० गते देखि काठमाडौंमा सुरू भएको दुई दिवसीय तेस्रो राष्ट्रिय सम्मेलन २०८२, ११ बुँदे घोषणापत्र जारी गरी समाप्त भयो । सम्मेलन समापनका अवसरमा नेपाल प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि गृहमन्त्री रमेश लेखकज्युले सम्मेलनले फौजदारी न्यायको विषयमा सहभागीहरूबीच सार्थक र साझा निष्कर्षमा पुग्न सहयोग गर्नुका साथै आगामी दिनहरूका लागि महत्वपूर्ण प्रतिबद्धता सहित मार्गनिर्देशन गर्न सफल भएको बताउनुभयो । समारोहमा प्रहरी महानिरीक्षक दिपक थापाज्यूले धन्यवाद मन्तव्य व्यक्त गर्दै अपराध अनुसन्धानमा नयाँ प्रविधिको प्रयोग, नयाँ कानूनी व्यवस्था र अभ्यासका बारेमा अनुसन्धानकर्ता, अभियोजनकर्ता र सम्बन्धित विज्ञ तथा विशेषज्ञहरूबीच गहन अन्तर्क्रिया, ज्ञान र अनुभव आदान-प्रदानका विषयमा सम्मेलन प्रभावकारी भएको बताउनु भयो । साथै अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईज्यूले सम्मेलनमा पारित घोषणापत्रको बारेमा जानकारी गराउनु भएको थियो । उक्त सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरू, अभियोजनकर्ता सरकारी वकीलहरू, विधिविज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरू तथा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएका प्रतिनिधिहरूको सहभागिता रहनुका साथै सातवटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, मुद्दा चल्ने इकाईका प्रमुखहरू तथा सरकारी वकीलहरूको भर्चुअल सहभागिता रहेको थियो ।

## प्रहरी नायव महानिरीक्षक दिलिप सिंह देउवाज्यूको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, १९ जेठ***

मिति २०८२।०२।१९ गते अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयमा हाजिर हुनुभएका प्रहरी नायव महानिरीक्षक दिलिप सिंह देउवाज्यूलाई विभागमा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले स्वागत गर्नु भयो ।

## दर्ज्यानी चिन्हद्धारा सुशोभन कार्यक्रम सम्पन्न



***काठमाडौं, १६ जेठ***

नेपाल प्रहरी जनपद समुहतर्फ प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायव निरीक्षक पदमा बढुवा हुनु भएका हेम प्रसाद निरौलालाई अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु ,प्रहरी नायव उपरीक्षकज्यू , प्रहरी निरीक्षकज्यूहरु तथा अन्य सकल दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## UK National Crime Agency का प्रतिनीधिहरुसग प्रहरी अतिरिक्त महानिरीक्षकज्यूको भेटघाट सम्पन्न



***काठमाडौं, २७ जेठ***

Foreign Common wealth and Development Office-UK को आर्थिक सहयोगमा United Nations Office for the Project Services (UNOPS) नेपाल मार्फत नेपाल प्रहरीमा सन् २०२४ देखी २०२७ सम्म कार्यान्वयनमा रहेको (Security & Justice Program) (SJP Police Component) को सन्दर्भमा UK National Crime Agency का प्रतिनीधिहरु बाट नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख राजन अधिकारीज्यूसँग शिष्टाचार भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भयो

## दर्ज्यानी चिन्हद्धारा सुशोभन कार्यक्रम सम्पन्न



***काठमाडौं, २० जेठ***

नेपाल प्रहरी जनपद समुहतर्फ प्रहरी वरिष्ठ हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा हुनु भएका जयराम खड्कालाई अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु ,प्रहरी नायव उपरीक्षकज्यूहरु , प्रहरी निरीक्षकज्यूहरु तथा अन्य सकल दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## इन्टरपोलबाट Diffusion जारी भएका फरार व्यक्तिहरु पक्राउ



***काठमाडौं, ९ जेठ***

2024 July 12 मा Diffusion जारी भई मिति २०८२।०२।०९ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट मानव वेचविखन तथा ओसारपसार मुद्दाका फरार प्रतिवादिहरु पक्राउ परेका छन। पक्राउ पर्नेहरुमा वर्ष ४२ को केदार राई , जिल्ला धनकुटा हाल परिवर्तित शहिदभुमि गाउँपालिका वडा नं-२ र वर्ष ४० को स्नेहा राई, जिल्ला धनकुटा हाल परिवर्तित शहिदभुमि गाउँपालिका वडा नं-२ रहेको छ । उनीहरुलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि मानववेचविखन व्यूरो बबरमहल काठमाण्डौ पठाईएको छ।

## Personal Management Information System (PMIS) Training सम्पन्न




***काठमाडौं , ६ जेठ***


राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०१।१७ गते देखि मिति २०८२।०२।०६ गतेसम्म संचालित Personal Management Information System ( PMIS) विषयक Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक ३, प्रहरी सहायक निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार ३, प्रहरी हवल्दार ४, प्रहरी सहायक हवल्दार १० र प्रहरी जवान १४ गरि जम्मा ३८ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। PMIS Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नु भयो। उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो।

# अपराध तथ्याङ्क


## देशभरको जेठ महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## देशभरको - त्रैमासिक मुद्दा दर्ता संख्या (चैत्त - जेठ)




## देशभर- त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या ( चैत-जेठ )





## वार्षिक अपराध तथ्यांक (०७७/०७८ देखि ०८१/०८२ जेठ सम्म)




## जघन्य अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ जेठ)





## गम्भीर अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ जेठ)




## सामान्य अपराधको मुद्दा दर्ता संख्या (आ.व. २०८१।०८२ जेठ)





## २०८२ जेठ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८२ जेठ महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८२ जेठ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८२ जेठ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ७२९ | २८ वर्ष ९ महिना ६ दिन | ३०३९५७३० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २४१ | ९२ वर्ष ५ महिना १४ दिन | ४११२३९९८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ६९४ | २१८ वर्ष १ महिना १७ दिन | १८६५८१५७ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २९२ | ८० वर्ष ० महिना १ दिन | २११९०१७६ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १३३ | २१ वर्ष ७ महिना १३ दिन | २७०७९८२७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ४०० | ८४ वर्ष २ महिना १७ दिन | २२३९७१४० |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५९ | ४५ वर्ष ५ महिना ० दिन | ८७१२६९ |
| ८. | सदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७९ | ११८वर्ष ६ महिना ५ दिन | ९०७३०७६ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ११ | ५ वर्ष ८ महिना २९ दिन | ३५४७०००० |
| | **जम्मा** | **२६३८ जना** | **५९४ वर्ष १० महिना २८ दिन** | **रु. २०, ६२, ५९, ३७२।-** |

## २०८२ जेठ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८२ वैशाख र जेठ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ जेठ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ जेठ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १०७०९७ | ७३६१८ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ८ | ८ |
| ३. | अध्यागमन विभाग | २४१ | २०४ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १६ | १३ |
| ५. | औंठाछाप प्रमाणिकरण | १०३ | १०३ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ४ | ४ |
| जम्मा | | १०७४६९ | ७३९५० |


## सामुदायिक प्रहरी गतिविधि

२०८२ जेठ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)





# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




## २०८२ जेठ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १२ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ४४ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | २९,९१२ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ६ जना |




# खोजतलास तथा समन्वय

## २०८२ जेठ महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## जेठ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८२ सालको जेठ महिनामा बिभिन्न १७ वटा मुद्दा शीर्षक ( चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन तथा ओसार पसार, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, मानिस बेपत्ता, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जुवा, अभौतिक मुद्रा) अन्तर्गत ९९ वटा मुद्दाको ३९४ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ जेठ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०२/०१ गतेदेखि २०८२/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **४६९** केशहरुको **३४९८** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी **५६०** केशहरुको **४२४९** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८२/०२/०१ गते देखि २०८२/०२/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **२९४९** DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०२/०१ गतेदेखि २०८२/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२४३** केशहरुको **८१५** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **३९६** केशहरुको **१८३७** नमूनाहरु परीक्षण गरिएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०२/०१ गतेदेखि २०८२/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **८७** केशहरुको **२५०** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **११७** केशहरुको **३५६** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८२ जेठ महिनामा केनाईन परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्यामा संलग्न पाँच जना पक्राउ

***काठमाडौं, ६ जेठ***

गोकर्णेश्वर नगरपालिका-२ नयाँपाटी बस्ने ३७ वर्षीय बलिन्द्र प्रकाश राईको हत्या भएको घटनमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गोकर्णेश्वर नगरपालिका-१ बस्ने रामेछाप सुनापति गाउँपालिका-४ घर भएका २९ वर्षीय प्रविण तामाङ, गोकर्णेश्वर नगरपालिका-२ बस्ने सर्लाही बागमती गाउँपालिका-३ घर भएका २३ वर्षीय समिर वाईवा तामाङ,२६ वर्षीय अभिसेक वाईवा तामाङ,सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-६ घर भएका २९ वर्षीय दिपेन्द्र भुजेल र काभ्रेपलान्चोक चौरीदेउराली गाउँपालिका-७ घर भएका २८ वर्षीय अनुराग तामाङ रहेका छन् । उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई प्रहरी वृत्त बौद्धबाट थप आवश्यक अनुसन्धान भइरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***रामेछाप, १० जेठ***

आफ्नै बुहारी २६ वर्षीया पवित्रा बुढाथोकीको हत्या गरेको अभियोगमा मन्थली नगरपालिका-१२ सिकराल बस्ने ६१ वर्षीय शम्भु बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ । शम्भुले खुकुरी प्रहार गर्दा पवित्राको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खिम्तीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***नवलपरासी पश्चिम, २३ जेठ***

आफ्नै बुबा ५० वर्षीय जय राम थारू र छिमेकी ७० वर्षीय नाथु धरिकारको हत्या गरेको अभियोगमा सुनवल नगरपालिका-२ अवरैया बस्ने २७ वर्षीय हेमराज थारूलाई प्रहरीले पक्राउ गरेको छ । हेमराजले कोदालो प्रहार गर्दा उनीहरूको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सुनवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ज्यान मार्ने उद्योग कसूरका फरार प्रतिवादीहरू पक्राउ

***काठमाडौं, २६ जेठ***

ज्यान मार्ने उद्योग कसूरका २ जना फरार प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-१ बस्ने जाजरकोट कुसे गाउँपालिका-७ घर भएका २७ वर्षीय दिपेन्द्र सिंह र २७ वर्षीय तप्त सिंह रहेका छन्। जिल्ला अदालत जाजरकोटबाट ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं कीर्तिपुर नगरपालिका-१ ट्याङ्लाफाँटबाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय जाजरकोट पठाइएको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***रूपन्देही, १४ जेठ***

पाल्पा तानसेन नगरपालिका-१ ठेगाना भएकी ३३ वर्षीया दिपा बस्याल र उनकै छोरीहरू ७ वर्षीया स्नेहा बस्याल र ४ वर्षीया हिमानी बस्यालको हत्या गरेको अभियोगमा बुटवल उपमहानगरपालिका-११ मिलिजुली पथ बस्ने ३५ वर्षीय सुजन कोइरालालाई प्रहरीले पक्राउ गरेको छ। सुजनले पूर्व श्रीमती दीपालाई आफ्नै घरमा बोलाई आपसी विवादको क्रममा धारिलो हतियार र हथौडा प्रहार गरी उनीहरूको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ जानकारी प्राप्त इलाका प्रहरी कार्यालय बुटवल, वडा प्रहरी कार्यालय बुटवल र अस्थायी प्रहरी चौकी देवीनगरबाट प्रखटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर सहित आर्मेनियाका नागरिक पक्राउ

*काठमाडौं, ११ जेठ*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाबाट अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर २० हजार सहित आर्मेनियाका नागरिक ४० वर्षीय USHAKOV ANDRII लाई प्रहरीले पक्राउ गरेको छ । टर्किस एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट स्तानबुल जान लागेका उनलाई जाँच गर्ने क्रममा उनको साथमा रहेको सुटकेसबाट उक्त अमेरिकी डलर फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

### ठगी/आत्महत्या दुरूत्साहन मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

***काठमाडौं, २६ जेठ***

ठगी/आत्महत्या गर्न दुरूत्साहन मुद्दाका २ जना फरार प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२६ मित्रनगर बस्ने स्याङ्जा गल्याङ नगरपालिका-७ पेलाकोट घर भएका ४८ वर्षीय नुमाकान्त पाठक र ३८ वर्षीया सरिता पाठक रहेका छन्। जिल्ला अदालत काठमाडौंको २०८० कात्तिक १७ गतेको फैसलाले उक्त मुद्दामा नुमाकान्तलाई २ लाख ८० हजार रूपैयाँ बिगो, ३ हजार जरीवाना र ३ महिना कैद तथा सरितालाई ६० हजार बिगो, १ हजार जरीवाना र १ महिना कैद सजाय ठहर भई फरार रहेका उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२६ मित्रनगरबाट पक्राउ गरेको हो। उनीहरूलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौं पेश गरिएको छ।

### डलर देखाई ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २८ जेठ***

डलर देखाई ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-५ जोरपाटी बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ घर भएका २९ वर्षीय धन बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यकाको गोकर्णेश्वर, जोरपाटी लगायतका विभिन्न ठाउँमा नक्कली डलर देखाएर ठगी गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न धन बहादुरलाई बुढानिलकण्ठ नगरपालिका-११ कपनबाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

### नेपाल प्रहरीको डिएसपी हुँ भनि ठगी गर्ने दुई जना पक्राउ

*काठमाडौं, २८ जेठ*

नेपाल प्रहरीको डिएसपी हुँ भनि ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोक चौंरीदेउराली गाउँपालिका-८ बस्ने ४५ वर्षीय ज्ञान बहादुर लामा भन्ने ज्ञानु तामाङ र काठमाडौं कलंकी बस्ने सुनसरी इटहरी उपमहानगरपालिका-४ पाँचघरे घर भएका ४२ वर्षीय रेवती ओझा रहेका छन् । नेपाल प्रहरीको डिएसपी हुँ भनि प्रहरी हिरासतमा रहेका व्यक्तिको मुद्दा मिलाइदिने भन्दै ६ लाख रूपैयाँ ठगी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करिब २ करोड रूपैयाँ बराबरका विभिन्न गरगहना सहित चार जना पक्राउ

***काठमाडौं, २९ जेठ***

काठमाडौं महानगरपालिका-२२ प्युखाबाट करिब २ करोड १ लाख ७८ हजार ३ सय ६० रूपैयाँ बराबरको बिल भरपाई बिनाका सुन, हिरा तथा पत्थरका गहनाहरू सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२२ बस्ने भारत कलकत्ता घर भएका ४३ वर्षीय हविवुल सेख, ३९ वर्षीय सुर्यजित दास, ४० वर्षीय तमल साद्रा र १६ वर्षीय बालक रहेका छन् ।काठमाडौं महानगरपालिका-२२ प्युखा कृष्णचोकस्थित हविवुलले सञ्चालन गरेको मुन्ना जेम एण्ड ज्वेलर्समा बिल भरपाई नभएका सुन, हिरा तथा पत्थरका गरगहनाहरू बिक्री वितरण गरिरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, जिल्ला प्रहरी परिसर काठमाडौं तथा प्रहरी वृत्त जनसेवाबाट संयुक्त रूपमा खटिएको प्रहरीले उक्त ज्वेलर्स तलासी गर्दा बिल भरपाई बिनाका उक्त रकम बराबरको गहनाहरू फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।उनीहरूलाई आवश्यक कारवाहीको लागि राजस्व अनुसन्धान विभाग पठाईएको छ ।

### अमेरिका र युके पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, ३१ जेठ***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अमेरिका र युके पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१६ बस्ने नुवाकोट विदुर नगरपालिका-४ घर भएका ५१ वर्षीय राज कुमार मानन्धर र काठमाडौं महानगरपालिका-१४ बस्ने रूपन्देही तिलोत्तमा नगरपालिका-२ घर भएका ४० वर्षीय ओम बहादुर खत्री रहेका छन् । पक्राउ मध्ये राज कुमारले अमेरिका पठाइदिन्छु भन्दै ३ जना पीडितहरूबाट ३५ लाख ६९ हजार रूपैयाँ र ओम बहादुरले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट ६ लाख ७५ हजार रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले राज कुमारलाई काठमाडौं महानगरपालिका-१६ बाट बिहीबार र ओम बहादुरलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो । पक्राउ मध्ये राज कुमारलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं र ओम बहादुरलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बझाङ, १ जेठ***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा छबिसपाथिभेरा गाउँपालिका-४ झुतेडा बस्ने ३२ वर्षीय केशर खत्रीलाई प्रहरीले पक्राउ गरेको छ । केशरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ४ जेठ***

**दाङ** ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तुलसीपुर उपमहानगरपालिका-१७ बनकट्टा बस्ने ७५ वर्षीय गिरीराज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ । बुढाथोकीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुर र प्रहरी चौकी बिजौरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***तेह्रथुम, ५ जेठ***

५९ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा छथर गाउँपालिका-५ भोर्ले बस्ने ४५ वर्षीय योगेन्द्र भन्ने सार्के लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । लिम्बुले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी चौकी ओख्रेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १० जेठ***

**झापा,** १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भद्रपुर नगरपालिका-५ बस्ने २१ वर्षीय शंकर राजवंशीलाई

प्रहरीले पक्राउ गरेको छ । शंकरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई कन्काई नगरपालिका-८ लक्ष्मीपुरबाट पक्राउ गरेको हो ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ११ जेठ***

**उदयपुर**, १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कटारी नगरपालिका-४ गबुवा बस्ने २५ वर्षीय सुजन भन्ने राज कुमार तामाङ, १९ वर्षीय पुजन श्रेष्ठ, २० वर्षीय नबिन श्रेष्ठ र २० वर्षीय जीवन तामाङ रहेका छन् । उनीहरूले ती बालिकालाई सोही ठाउँस्थित होटलमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

## जबरजस्ती करणी गरेको अभियोगमा दुई जना पक्राउ

***संखुवासभा, १२ जेठ***

१६ र १७ वर्षीया २ जना बालिकाहरूलाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा चिचिला गाउँपालिका-२ बस्ने ३५ वर्षीय तुफान राई र सोही गाउँपालिका-३ बस्ने २८ वर्षीय प्रकाश राई रहेका छन् । उनीहरूले ती बालिकाहरूलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरीले उनीहरूलाई खाँदबारी नगरपालिका-१ बाट पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत संखुवासभाबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***तेह्रथुम, २० जेठ***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा आठराई गाउँपालिका-३ ह्वाकु बस्ने २६ वर्षीय विशाल गुरूङलाई प्रहरीले पक्राउ गरेको छ । विशालले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २२ जेठ***

**बाँके,** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जानकी गाउँपालिका-६ कोठापुर बस्ने २५ वर्षीय चिराग खानलाई प्रहरीले पक्राउ गरेको छ । चिरागले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

**रसुवा**, १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा आमाछोदिङमो गाउँपालिका-५ तातोपानी बस्ने २४ वर्षीय फुर्पु नाम्घेल तामाङ र २२ वर्षीय दावा नुर्पु तामाङ रहेका छन् । उनीहरूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी थाम्बुचेबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पर्वत, २५ जेठ***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कुश्मा नगरपालिका-१ पाङ बस्ने ३२ वर्षीय सुरेन्द्र किसानलाई प्रहरीले पक्राउ गरेको छ सुरेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, २६ जेठ***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बारबर्दिया नगरपालिका-१० वैदी बस्ने ६६ वर्षीय जमिल अहमद जागालाई प्रहरीले पक्राउ गरेको छ । जमिलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी कतर्नियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २८ जेठ***

मोरङ, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैँचा नगरपालिका-४ बस्ने ५७ वर्षीय अशोक कुमार धामी थारूलाई प्रहरीले पक्राउ गरेको छ । अशोकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***ओखलढुङ्गा, २९ जेठ***

१७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चिशंखुगढी गाउँपालिका-६ भदौरे बस्ने २० वर्षीय भुपेन्द्र मगरलाई प्रहरीले पक्राउ गरेको छ । भुपेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# लागु औषध सम्बन्धी

## करिब १ सय ७२ किलो गाँजा सहित दुई जना पक्राउ

***मकवानपुर, ५ जेठ***

भीमफेदी गाउँपालिका१- खोप्लाङखोलाबाट अवैध लागूऔषध गाँजा करिब १ सय ७२ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मनहरी गाउँपालिका-८ सिमपानी बस्ने २५ वर्षीय प्रदिप मोक्तान र मकवानपुरगढी गाउँपालिका-५ धादिङ बस्ने २५ वर्षीय समुद्र दाहाल रहेका छन् । प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरीले चुनियाबाट हेटौंडा बजारतर्फ जाँदै गरेको बा.३ च ३४९६ नम्बरको कारलाई जाँच गर्ने क्रममा ४ वटा बोरामा लुकाई छिपाई ल्याएको उक्त परिमाणको गाँजा फेला पारी कार चालक प्रदिप मोक्तान र

कारमा सवार समुद्र दाहाललाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ८ सय ९० किलो गाँजा सहित एक जना पक्राउ

***धनकुटा जेठ १०,***

साँगुरीगढी गाउँपालिका-५ ओख्रेबाट अवैध लागूऔषध गाँजा ८ सय ९० किलोग्राम र मोबाइल ४ थान सहित सोही गाउँपालिका-२ बुढीमोरङ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनकुटा र प्रहरी चौकी ओख्रेबाट खटिएको प्रहरीले बुढीमोरङबाट मोरङको केराबारीतर्फ जाँदै गरेको प्र.१-०२-००२ च ५२३८ नम्बरको पिकअपलाई जाँच गर्ने क्रममा २९ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी पिकअपमा सवार उनलाई पक्राउ गरेको हो। प्रहरीले हाल फरार पिकअप चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### नियन्त्रित लागूऔषध सहित एक जना पक्राउ

***काठमाडौंजेठ १२,***

चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ५ सय ८० ट्याब्लेट सहित सुनसरी रामधुनी नगरपालिका-३ बस्ने २२ वर्षीय अजित परियारलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुङ्गा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नागढुङ्गाबाट खटिएको प्रहरीले झापाबाट काठमाडौंतर्फ आउँदै गरेको प्र.०१-०१-००१ ख ४३७१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ सय ५६ किलो गाँजा सहित दुई जना पक्राउ

***महोत्तरी, १४ जेठ***

बर्दिबास नगरपालिका-१ शुभ स्वस्तिक हस्पिटल अगाडिबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५६ किलो ५५ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सर्लाही हरिवन नगरपालिका-५ घुर्कोली बस्ने ३५ वर्षीय लालबाबु साह र सोही नगरपालिका-३ बुद्चोक बस्ने २१ वर्षीय अभिषेक परियार रहेका छन् ।इलाका प्रहरी कार्यालय बर्दिबास र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरीले बा.११ च ३४९४ नम्बरको स्कारपियोलाई जाँच गर्ने क्रममा स्कारपियोमा लुकाई छिपाई राखेको ३० वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी स्कारपियो चालक लालबाबु र स्कारपियोमा सवार अभिषेकलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ९ सय ४० किलोग्राम गाँजा बरामद

***काठमाडौं, १५ जेठ***

**सप्तरी**, बलान बिहुल गाउँपालिका-२ डिगिया टोल बस्ने बिरेन्द्र यादवको घरबाट अवैध लागूऔषध गाँजा करिब ५ सय २ किलोग्राम प्रहरीले बरामद गरेको छ। यादवको घरमा अवैध लागूऔषध गाँजा लुकाई छिपाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा १६ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार बिरेन्द्रको खोजी गरिरहेको छ।

सुनसरी, दुहबी नगरपालिका-११ तनमुनाबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ३८ किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय दुहबी, प्रहरी चौकी तनमुना र प्रहरी चौकी रामगंज वेलगछियाबाट खटिएको प्रहरीलाई देख्नसाथ डब्लुबि ०६ एच २८५८ नम्बरको स्कारपियो छाडी चालक फरार भएपश्चात स्कारपियो तलासी गर्दा १४ वटा पोकाबाट उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरी हाल फरार स्कारपियो चालकको खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### १ हजार १ सय २० किलोग्राम गाँजा बरामद

***सुनसरी, २१ जेठ***

हरिनगरा गाउँपालिका-५ र ६ को सिमानास्थित कटान खोलाको बगरबाट अवैध लागूऔषध गाँजा करिब १ हजार १ सय २० किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय देवानगंज समेतबाट खटिएको प्रहरीले उक्त खोलाको बगरमा बालुवामा गाडी राखिएको अवस्थामा ३८ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अन्य अपराध

### नक्कली सुनको मुर्ति देखाई ठगी गर्ने व्यक्ति

***काठमाडौं, ३ जेठ***

नक्कली सुनको मुर्ति देखाई ठगी गरेको अभियोगमा संखुवासभा धर्मदेवी नगरपालिका-३ बाइसजोरे बस्ने ४९ वर्षीय काशीनाथ पौडेललाई प्रहरीले पक्राउ गरेको छ। नक्कली सुनको (बुद्ध भगवानको) मुर्ति सस्तो दर भाउमा मिलाई दिन्छु भनी प्रलोभनमा पारी भक्तपुर मध्यपुर थिमी नगरपालिका-६ बस्ने धनकुटा, धनकुटा नगरपालिका-४ घर भएका ३९ वर्षीय पुरूषसँग गत मंसिर ८ गते १० लाख रूपैयाँ र काठमाडौं न्यूरोड बस्ने सुनसरी बराहक्षेत्र नगरपालिका-१ घर भएका २४ वर्षीय पुरूषसँग गत चैत ११ गते ११ लाख ८५ हजार रूपैयाँ लिई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

### लुकाई छिपाई ल्याएको सुन सहित कन्टेनर चालक पक्राउ

***रसुवा, ५ जेठ***

गोसाईंकुण्ड गाउँपालिका-२ रसुवागढीबाट करिब ७ किलो ६ सय ५३ ग्राम सुन सहित सोही गाउँपालिका-५ बस्ने २४ वर्षीय किशोर कुमार भुजेललाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रसुवाबाट खटिएको प्रहरीले चीनबाट नेपालतर्फ आउँदै गरेको बा.४ ख ६२०१ नम्बरको कन्टेनरलाई जाँच गर्ने क्रममा कन्टेनरको चालक साईडको ढोकाभित्र फल्स बटम बनाई लुकाई छिपाई ल्याएको उक्त सुन फेला पारी चालक किशोरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## हुण्डी कारोबारमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, ५ जेठ***

हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला बस्ने सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-४ पलाती घर भएका २४ वर्षीय संजय बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-२४ जुद्धशालिकबाट नगद २० लाख २९ हजार ६ सय २० रूपैयाँ ,मोबाइल १ थान र विभिन्न बैंकको चेक ३० थान सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## हनि ट्रयापमा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, ९ जेठ***

हनि ट्रयापमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-५ कालोपुल बस्ने कैलाली गोदावरी नगरपालिका-१० दमौरा घर भएकी ३४ वर्षीया ममता तामाङ र काठमाडौं महानगरपालिका-५ हाँडीगाउँ बस्ने भक्तपुर, भक्तपुर नगरपालिका-१७ सल्लाघारी घर भएकी ३४ वर्षीया आँचल श्रेष्ठ भन्ने आँचल चौगुठी रहेका छन्। आपराधिक लाभ लिने उद्देश्यले सामाजिक संजाल फेसबुक मार्फत कुराकानी गरी ठमेलस्थित एक होटलमा बोलाई खाजा तथा मादक पदार्थ सेवन गरी/गराई अचेत अवस्थामा पीडितको अश्लिल फोटो तथा भिडियो बनाई फेसबुक मेसेन्जरमा उक्त फोटो तथा भिडियोको स्क्रिनसर्ट पठाई काठमाडौंमा घर तथा ४ आना जग्गा दिनु पर्छ भनि विभिन्न किसिमका डर, धाक धम्कीहरू देखाई रकम माग गरी ५ लाखको चेक काट्न बाध्य पारी उक्त चेक लिई गएको भन्ने सूचना प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई काठमाडौं महानगरपालिका-११ हनुमानस्थानबाट पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूको साथबाट ५ लाखको चेक १ थान र मोबाइल २ थान समेत बरामद गरेको छ। उनीहरूलाई आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान तथा कारवाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## २ सय ५० करोड रूपैयाँ भन्दा बढी रकम हिनामिना गरी फरार रहेका व्यक्ति पक्राउ

***काठमाडौं, १८ जेठ***

२ सय ५० करोड रूपैयाँ भन्दा बढी रकम हिनामिना गरी फरार रहेका कर्णाली डेभलपमेन्ट बैंकका तत्कालिन सञ्चालक/प्रमुख कार्यकारी अधिकृत बाँके नेपालगंज उपमहानगरपालिका-२० बस्ने सल्यान घर भएका ६५ वर्षीय राजेन्द्र वीर रायलाई प्रहरीले पक्राउ गरेको छ। कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका संस्थापक अध्यक्ष/प्रमुख कार्यकारी अधिकृत एवम् पटक पटक सञ्चालक समिति अध्यक्ष पदमा रहि उक्त बैंकमा संकलन भएको बचत कर्ताहरूको २ सय ५० करोड रूपैयाँ भन्दा बढी रकम हिनामिना गरी फरार रहेका राजेन्द्रलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले रूपन्देही सिद्धार्थनगर नगरपालिका-१ बेलहियाबाट पक्राउ गरेको हो। उनी उपर बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा नेपाल राष्ट्र बैंकको समन्वयमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

## अपराधिक लाभ र विद्युतीय अपराधमा संलग्न दुई जना पक्राउ

***संखुवासभा, ३१ जेठ***

अपराधिक लाभ र विद्युतीय अपराधमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भोजपुर षडानन्द नगरपालिका-१ घर भएका २९ वर्षीय सुजन भुजेल र २१ वर्षीय बिपल राई रहेका छन्। पीडितको व्यक्तिगत एवम् गोपनीयताका विषयमा फोटो/भिडियो बनाई पीडितको आफन्त तथा साथीहरूलाई पठाई चरित्र हत्या गरेको र फोटो/भिडियो सार्वजनिक गरी दिने धम्की दिई डर, त्रास देखाई रकम माग गरेको भन्ने पीडितको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई खाँदबारी नगरपालिका-१ बाट पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत संखुवासभा चैनपुरबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल र गोली सहित दुई जना पक्राउ

***तनहुँ, ८ जेठ***

आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट मेड इन युएसए लेखिएको पेस्तोल १ थान, गोली १ राउण्ड र म्याग्जिन १ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-१२ हर्कपुर बस्ने २५ वर्षीय मिलन ढकाल र चितवन माडी नगरपालिका-७ गौरी नगर बस्ने ३२ वर्षीय बिजय तिवारी रहेका छन्। इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट खटिएको प्रहरीले मुग्लिङबाट आँबुखैरेनीतर्फ आउँदै गरेको ना.२८ प १५१९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त पेस्तोल र गोली फेला पारी मोटरसाइकल चालक तिवारी र मोटरसाइकलमा सवार ढकाललाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर सहित चिनियाँ नागरिक पक्राउ

***काठमाडौं, १६ जेठ***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाबाट अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर ३२ हजार ४ सय सहित चिनियाँ नागरिक ३२ वर्षीय SHAOJUN LYU लाई प्रहरीले पक्राउ गरेको छ। एयर चाइनाको उडानद्वारा काठमाडौंबाट चीन जान लागेका उनलाई जाँच गर्ने क्रममा उनको साथमा रहेको ब्यागबाट उक्त अमेरिकी डलर फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

जिल्ला ताप्लेजुङ फक्ताङलुङ गाउँपालिका वडा नं.३ मिलन चौक स्थित सडकमा मिति २०८२।०२।२१ गते राती अं. ००:४५ बजे जिल्ला ताप्लेजुङ फुङलिङ न.पा. वडा नं. ६ उकाली पानी बस्ने अं. बर्ष ३२ को अर्जुन गुरुङले ऐ. फक्ताङलुङ गा.पा. वडा नं. ३ बस्ने वर्ष २८ को टेकेन्द्र लिम्बुलाई बायाँ पट्टीको कोखामा धारिलो हतियार खुकुरीले प्रहार गरी हत्या गरेको घट्नामा संलग्न प्रतिवादी अर्जुन गुरुङलाई पक्राउ गरी अनुसन्धानपश्चात सम्मानित ताप्लेजुङ जिल्ला अदालतको मिति २०८२।०२।२८ गतेको थुनछेक आदेशानुसार प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी सम्बन्धी कसूर

वर्ष ११ की परिवर्तित नाम ५१ (न) कपिलवस्तुलाई प्रतिवादी शिव श्याम गोडिया लगायतका व्यक्तिले मोटरसाईकलमा जवरजस्ती चढाई एकीन ठाउँ नखुलेको स्थानमा लगी प्रतिवादी शिव श्याम गोडियाले डर धम्की देखाई पटक-पटक जवरजस्ती करणी गरी प्रतिवादीले घरमा पुऱ्याई दिन्छु भनी मोटरसाईकलमा चढाई ल्याई वडा अध्यक्ष धर्म पुरी गोसाईको जिम्मा लगाई निज प्रतिवादी भागेको घटनामा प्रतिवादी शिव श्याम गोडियालाई पक्राउ गरी उक्त घटनाको सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी मिति २०८२।०२।०२ गते सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशानुसार प्रतिवादी शिव श्याम गोडिया पूर्पक्षको लागि कारागार थुनामा गएको।




## मुद्दा शीर्षक – हातहतियार तथा खरखजाना सम्बन्धी कसूर

मिति २०८२।०१।२१ गते बिहान अन्दाजी ०१:३० बजेको समयमा जिल्ला कपिलवस्तु महाराजगंज नगरपालिका वडा नं. ६ सानो बुटनिया स्थित २ (दुई) वटा निलगाई मारेको अवस्थामा पक्राउमा परेका जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नम्वर २ बस्ने बर्ष ५२ को फरहान अकवाल खाँ लाई खानतलासी गर्दा ४ (चार) थान 30.06-23KF र २ (दुइ) थान 30.06 spring s and b विवरण भएको नचलेको गोली समेत गरी जम्मा ६ (छ) थान नचलेका गोली, खोका 30.06-23KF लेखेको प्रयोग भएको गोलीको खोका २ (दुइ) थान, 30.06 spring s and b लेखेको प्रयोग भएको गोलीको खोका १ (एक) थान र 30.06 sprg hornady लेखेको प्रयोग भएको खोका थान १ (एक) गरी जम्मा खोका ४ (चार) समेत बरामद भई आएको हुँदा उक्त बरामद गोली तथा खोका आवश्यक अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित कपिलवस्तु जिल्ला अदालत, तौलिहवामा पेश हुँदा सम्मानित अदालतको मिति २०८२।०२।१६ गतेको आदेशले निज प्रतिवादी रु.२,००,०००।- धरौटी माग भएकोमा उक्त धरौटी रकम राखी तारेखमा छुटी गएको।

## मुद्दा शीर्षक – जवरजस्ती करणी

मिति २०८२।०२।०२ गते मकै बोकी घर फर्की आउने क्रममा सोही दिन रातीको अं.२०:०० बजेको समयमा जिल्ला काभ्रेपलाञ्चोक महाभारत गाउँपालिका वडा नं. ३ सिम्ले डहर स्थित सडक खण्डमा आईपुग्दा बा ४ ख ३९७० नं. को टिप्पर चालक दोब बहादुर कामी र सहचालक नवराज योन्जनले पीडित बहिनीले बोकेको मकैको भारी सडक बाटोमा नै राखी जबरजस्ती समाती तानी निज प्रतिवादीहरूले रोकी राखेको बा ४ ख ३९७० नं. को टिप्परमा चढाई विवाह गर्छु भनी ललाई फकाई सोही टिपरको क्याबिनमा राखी चालक दोब बहादुर कामीले जबरजस्ती करणी गरी बाहिर निस्केपछी अर्को प्रतिवादी सहचालक नवराज योन्जन समेतले जबरजस्ती करणी गरेको घटनामा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेलमा पेश गरिएकोमा सम्मानित अदालतको च.नं.८०२६ मिति २०८२।०२।३० गतेको थुनछेक पत्रानुसार पक्राउ प्रतिवादी दोब बहादुर कामीलाई पूर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक चलान गरिएको। अर्को प्रतिवादी नवराज योन्जन हालसम्म पनि फरार रहेकोले खोजतलास कार्य भईरहेको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np